आज मिति २०७६ साल आषाढ १३ गतेको शुक्रबारका दिन उच्च सरकारी वकील कार्यालय पर्सा, वीरगंजमा फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धमा प्रभावकारिता ल्याउन उच्च सरकारी वकील कार्यालय तहमा रहने समन्वय समितिको बैठकमा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका विषयमा छलफल तथा निर्णय गरियो ।

**उपस्थिति:-**

१) सहन्यायाधिवक्ता, उ.स.व.का. वीरगंज पर्सा- श्री ध्रुबमणि ज्ञवाली (संयोजक)

२) प्रमुख जिल्ला अधिकारी, जि.प्रशासन.का. पर्सा- श्री लोक प्रताप शर्मा (सदस्य)

३) प्रहरी प्रमुख, जि.प्रहरी का. पर्सा- श्री सोमेन्द्र सिंह राठौर (सदस्य)

४) कार्यालय प्रमुख, ना.उ.क्षे.अस्पताल- श्री (सदस्य)

५) कार्यालय प्रमुख, जिल्ला जनस्वा. का. पर्सा- श्री (सदस्य)

६) उपन्यायाधिवक्ता, उ.स.व.का. वीरगंज- श्री मोहम्मद मुन्ना (सदस्य सचिव)

७) उपन्यायाधिवक्ता, उ.स.व.का. वीरगंज- श्री मोहन खनाल (आमन्त्रित सदस्य)

**छलफलका विषयहरु**

१) अन्तरिम आदेश सम्बन्धी छलफलका लागि जिल्ला प्रशासन कार्यालयले गर्नु पर्ने सहजता ।
२) अपराध अनुसन्धान सम्बन्धमा ।
३) अर्धन्यायीक निकायले प्रतिवादीसँग माग गर्ने धरौटी सम्बन्धमा ।
४) सरकारी वकीलको कार्यक्षेत्रका सम्बन्धमा म.न्या.का. ले गरेको परिपत्र ।
५) मुद्दाको प्रक्रियामा हुने मिलापत्र सम्बन्धमा ।
६) अनुसन्धानको क्रममा हिरासतमा राख्ने म्याद थप सम्बन्धमा ।
७) शव परिक्षण, पीडितको स्वास्थ्य परिक्षण, घाउँ जाँच केश फाराम सम्बन्धमा ।
८) बकपत्र गर्ने समयमा प्रहरी र चिकित्सकको उपस्थिति सम्बन्धमा ।
९) लिखित जवाफ सम्बन्धमा ।

**निर्णयहरु**

१. सरकारवादी र सरकारको हक हित र सरोकार रहेका मुद्दा र रिटमा प्रतिनिधित्व प्रभावकारी रुपमा गर्ने म.न्या.का. को दोस्रो पञ्चबर्षिय रणनितिक योजनाको लक्ष्य रहेकोमा—

- अन्तरिम आदेश सम्बन्धि छलफलमा सम्बन्धित कार्यालय उदासिन रहने, मुद्दाको विषयवस्तु सरकारी वकीललाई जानकारी नहुने र प्रतिरक्षामा कठिनाई भएको हुदाँ अन्तरिम आदेश छलफलको लागि जानकारी प्राप्त हुनासाथ विषयवस्तु बुझेको जिम्मेवार कर्मचारी कागजात सहित सरकारी वकिल समक्ष उपस्थित भइदिए प्रतिरक्षामा सहजता हुने कुराको जानकारी जिल्ला प्रशासन कार्यालयबाट कार्यालय प्रमुखको बैठकमा गराउने ।

२. कतिपय मुद्दामा अनुसन्धानमा लापरवाही भएको पाईएको र केहिमा नजानेर भएपनि केहिमा जानाजान मनसाय पूर्वक कै गम्भिर लापरवाही गरेको पाईएको र अदालतबाट विभागिय कारवाहीको लागि लेखि आएको हुदाँ आइन्दा यस्तो त्रुटीको पुनरावृति हुन नदिन अनुसन्धान अधिकृतहरुलाई जानकारी गराउने ।

३. अर्धन्यायिक निकायले मुद्दामा प्रतिवादीसँग धरौट माग गर्दा तोकिएको मितिमा उपस्थित नभए धरौट जफत हुने शर्त उल्लेख गरी कागज गराउनु पर्नेमा नगराएको कारण धेरै मुद्दामा तारेख गुजार्ने प्रतिवादीको धरौट जफत नभएको हुदाँ कानूनले निर्दिष्ट गरेको उक्त शर्त उल्लेखित कागज अनिवार्य रुपमा गराउने ।

४. सरकारी वकीलहरुले नेपाल सरकारको हक हित वा सरोकार निहित रहेका मुद्दा, संघिय कानून बमोजिम स्थापित कार्यालयहरु तथा त्यस्ता कार्यालयहरुमा कार्यरत रहदाको बखत आफ्नो कार्य सम्पादनको सिलसिलामा संघिय निजामती कर्मचारीले गरेको कुनैपनि कामको सम्बन्धमा त्यस्ता कर्मचारी उपर परेको मुद्दामा त्यस्ता कार्यालय तथा कर्मचारीको तर्फबाट मात्र प्रतिनिधित्व गर्ने महान्यायाधिवक्ताको कार्यालयको परिपत्र रहेको जानकारी गराउने ।

५. मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा ११७ ले मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा अनुसूची ३ र ४ अन्तर्गतका कसूरमा अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानी नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धि मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेकोमा मिलापत्र कार्यविधिलाई एकरुपता ल्याउन म.न्या.का.बाट मिति २०७६/०२/२८ मा जारी परिपत्र बारे जानकारी गराउने ।

६. अनुसन्धान अधिकारीले आधार र कारण खुलाई सरकारी वकील कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष हिरासतमा राख्ने म्याद थपको अनुमतिको लागि निवेदन दिनु पर्नेमा त्यस्तो आधार र कारण सबै मुद्दामा खुलाउने गरेको नदेखिदा अनिवार्य रुपमा खुलाउनु पर्ने कुराको जानकारी गराउने ।

७. शव परिक्षण प्रतिवेदन, घाउँ जाँच केश फाराम, स्वास्थ्य जाँच रिपोर्टमा समेतमा नबुझिने अक्षर लेख्ने गरेको एवं #, NAD, जस्ता Symbol एवं Abbrivation हरु उल्लेख गर्नुको सट्टा सिधा शब्द र बाक्यमा लेखु लगाउनु पर्ने ।

८. यदाकदा अदालतले तोकेको मिति र समयमा बकपत्र गर्न प्रहरी एवं चिकित्सक अनुपस्थित हुने गरेको पाइदा बकपत्रको लागी अनिवार्य रुपमा उपस्थित हुनुपर्ने कुराको जानकारी गराउने ।

९. यदाकदा लिखित जवाफ पेश गर्दा निवेदकको निवेदन व्यहोरा खण्डन हुने गरी विषयबस्तुमा प्रवेश नगरी झारा टार्ने जस्तै गरी लिखित जवाफ पठाईने गरेको पाइदा आवश्यकतानुसार जिल्ला न्यायाधिवक्ता सँग समन्वय गरी लिखित जवाफ लेखि पठाउने बारे जानकारी गराउने ।